**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नीति आयोगमा प्रमुख अर्थशास्त्रीहरू र विषयका जानकारहरूसँग बैठक गर्नुहुनेछ।
- उपराष्ट्रपति श्री सी.पी. राधाकृष्णनले समाजको विकास र कल्याणका लागि सामुदायिक भावना र धार्मिक सद्भावका साथ एकताबद्ध हुन आह्वान गर्नुभएको छ।
- केन्द्रीय गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता श्री अमित शाह सांगठानिक बैठक र कार्यक्रमहरूमा भाग हिज साँझ पश्चिम बङ्गाल आई पुग्नुभएको छ ।
- केन्द्रीय सञ्चार मन्त्री श्री ज्योतिरादित्य सिंधियाले दूरसंचार विभागले दूरसञ्चार सुरक्षालाई सुदृढ बनाउन, अनुपालन बोझ कम गर्न र सतत उद्योग वृद्धिलाई सक्षम बनाउन परिवर्तनकारी सुधारहरू ल्याइरहेको घोषणा गर्नुभएको छ।
- महिला क्रिकेटमा आज भारत र श्रीलङ्काबीच पाँचौं तथा अन्तिम ट्वान्टी–२० म्याच तिरुवनन्तपुरमको ग्रिनफिल्ड अन्तर्राष्ट्रिय स्टेडियममा हुनेछ ।

**प्रधान मन्त्री -नीति आयोग बैठक**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज नीति आयोगमा प्रमुख अर्थशास्त्रीहरू र विषयविद्हरूसँग बैठक गर्नुहुनेछ। वित्त मन्त्री निर्मला सीतारमणले पनि अन्तरक्रियामा भाग लिनुहुनेछ जुन व्यापक आर्थिक मुद्दाहरूमा केन्द्रित हुने अपेक्षा गरिएको छ। यो बैठकले देशको वर्तमान आर्थिक अवस्था र भविष्यका प्राथमिकताबारे विज्ञहरूले आफ्ना धारणा र मूल्याङ्कन साझा गर्ने मञ्चका रूपमा काम गर्ने सम्भावना छ। प्रधानमन्त्री श्री मोदीले आगामी केन्द्रीय बजेटबारे अर्थशास्त्रीहरूको सुझाव र दृष्टिकोण सुन्ने अपेक्षा गरिएको छ। आर्थिक वृद्धिलाई सहयोग गर्न, समष्टिगत आर्थिक स्थिरतालाई सुदृढ पार्न र उदीयमान चुनौतीहरूलाई सम्बोधन गर्न थप सुधारहरू आवश्यक पर्ने क्षेत्रहरू पनि बैठकले समेट्ने सम्भावना छ। अन्तरक्रियाको क्रममा आन्तरिक र वैश्विक दुवै आर्थिक दृष्टिकोणलाई पनि मुख्य विषय हुने अपेक्षा गरिएको छ। विशेषज्ञहरूले वृद्धिको सम्भावना, वित्तीय प्रबन्धन र दीर्घकालीन विकासलाई दिगो बनाउन आवश्यक संरचनात्मक उपायहरूमा आफ्नो धारणा प्रस्तुत गर्ने सम्भावना छ। अर्थशास्त्रीहरू र उद्योग विशेषज्ञहरूसँग यस्तो परामर्श सरकारको पूर्व-बजेट अभ्यासको नियमित विशेषता हो, जसको उद्देश्य नीतिगत निर्णयहरूलाई अन्तिम रूप दिनुअघि इनपुटहरूको विस्तृत दायरा समावेश गर्नु रहेको छ। सरकारले आर्थिक योजनाको अर्को चरणको तयारी गरिरहेको बेला नीति आयोगमा भएको अन्तरक्रियाले बहुमूल्य अन्तर्दृष्टि प्रदान गर्ने अपेक्षा गरिएको छ।

**उपराष्ट्रपति - समाजको विकास कल्याण**

उपराष्ट्रपति श्री सीपी राधाकृष्णनले समाजको विकास र कल्याणका लागि सामुदायिक भावना र धार्मिक सद्भावका साथ एकताबद्ध हुन आह्वान गर्नुभएको छ। उहाँ हिजो तिरुवनन्तपुरमको एलएमएस चर्च कम्प्लेक्समा क्रिसमस र नयाँ वर्षको अवसरमा त्रिवेन्द्रम फेस्ट २०२५ नामक एक सभामा उपस्थित हुनुहुन्थ्यो। उपराष्ट्रपति श्री राधाकृष्णनले भन्नुभयो, लोकतन्त्र, साम्प्रदायिक सद्भाव र विकासको वास्तविक भावना तब मात्र देखिन्छ जब मानिसहरूले धार्मिक चाडपर्वहरू सँगै मनाउँछन्। कार्यक्रममा राज्यपाल राजेन्द्र आर्लेकरले आपसी भाइचारा र सद्भावको सन्देश दिएका साझा गर्नुभयो । कार्यक्रमको अध्यक्षता ल्याटिन आर्चडायोसिसका आर्कबिशप थोमस जे नेटोले गर्नुभएको थियो ।

1- Byte- उपराष्ट्रपति

**रेल मंत्रालय – रेलगाडी -सुचारु -उपाय**

रेल मन्त्रालयले कुहिरोको मौसममा रेलहरूको सहज आवागमन सुनिश्चित गर्न धेरै उपायहरू अपनाएको छ। मन्त्रालयले उत्तर रेलवे, पूर्वोत्तर रेलवे र उत्तर मध्य रेलवेका महाप्रबन्धकहरूलाई रेलहरूको वास्तविक अवस्थाको जायजा लिन र खानपान सहित अन्य मुद्दाहरूको समाधान गर्न सल्लाह दिएको छ। वन्दे भारत र शताब्दी एक्सप्रेसको समयमै सञ्चालन सुनिश्चित गर्न थप रेकहरू उपलब्ध गराउन पनि सुझाव दिइएको छ। मन्त्रालयले भनेको छ , अतिरिक्त रेकहरूको लागि क्याटरिङ व्यवस्था भारतीय रेलवे खानपान एवं पर्यटन निगम- आई.आर.सी.टी.सी द्वारा गरिनेछ। रेल बोर्डले रेलको निगरानी गर्नुका साथै वास्तविक समयमा कारबाही गरिरहेको मन्त्रालयले जनाएको छ । यस बाहेक, आई.आर.सी.टी.सी.मा वास्तविक समयमा निगरानी गर्न र खानपानसम्बन्धी समस्याहरू समाधान गर्न एक वार रूम पनि सञ्चालन गरिनेछ।

**केंद्रीय गृह मंत्री -पश्चिम बंगाल -बैठक**

केन्द्रीय गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता अमित शाह हिज साँझ पश्चिम बङ्गाल आई पुग्नुभएको छ । उहाँले धेरै संगठनात्मक बैठकहरू र कार्यक्रमहरूमा भाग लिनुहुनेछ । उहाँलाई दमदम विमानस्थलमा भाजपाका प्रदेश अध्यक्ष समिक भट्टाचार्य अनि विपक्षी दलका नेता शुभेन्दु अधिकारीले स्वागत गर्नुभएको थियो । गृहमन्त्री श्री शाहले राज्यमा आगामी विधानसभा चुनावको रणनीतिबारे चर्चा गर्न आज र भोलि राज्यका पार्टी पदाधिकारीहरूसँग उच्चस्तरीय बैठकहरू गर्नुहुनेछ। उहाँको पहिलो महत्वपूर्ण सांगठनिक बैठक आज बिधाननगरमा हुँनेछ ।

**केन्द्रीय सञ्चार मन्त्री**

केन्द्रीय सञ्चार मन्त्री ज्योतिरादित्य सिंधियाले दूरसंचार विभागले दूरसञ्चार सुरक्षालाई सुदृढ बनाउन, अनुपालन बोझ कम गर्न र दिगो उद्योग वृद्धिलाई सक्षम बनाउन परिवर्तनकारी सुधारहरू ल्याइरहेको घोषणा गर्नुभएको छ। एक सामाजिक मिडिया पोस्टमा, मन्त्री श्री सिंधियाले प्रकाश पार्दै भन्नुभएको छ - प्रमुख सुधारहरूमा मूल उपकरण निर्माताहरूको लागि प्रोटेम सुरक्षा प्रमाणन योजनाको २ वर्षको लागि विस्तार र दूरसंचार सुरक्षा परीक्षणको लागि शुल्क कम गर्नु समावेश छ ।श्री सिन्धियाले भन्नुभएको छ, यी सुधारहरूको उद्देश्य दूरसंचार सुरक्षालाई सुदृढ पार्न, अनुपालन बोझ कम गर्न र दिगो उद्योग वृद्धिलाई सक्षम पार्नु रहेको छ ।

**देश - औद्योगिक उत्पादन**

नोभेम्बरमा देशको औद्योगिक उत्पादन ६ दशमलव सात प्रतिशतले बढेको छ । गत अक्टोबरमा औद्योगिक उत्पादन ०.५ प्रतिशतले बढेको छ । तथ्याङ्क तथा कार्यक्रम कार्यान्वयनको आकडा अनुसार उत्पादनमूलक क्षेत्रमा आठ प्रतिशतले वृद्धि भएका कारण औद्योगिक उत्पादनमा वृद्धि भएको हो । अन्य प्रमुख घटकमध्ये खानी क्षेत्रको वृद्धिदर पाँचदशमलव चार प्रतिशतले बढेको छ ।

2Byte- औद्योगिक

**केंद्र सरकार प्रधान वैज्ञानिक सलाहकार -राष्ट्रीय प्रौद्योगिकी तत्परता**

भारत सरकारका प्रधान वैज्ञानिक सल्लाहकार प्रोफेसर अजय कुमार सूदले राष्ट्रीय प्रौद्योगिकी तत्परता मूल्यांकन ढांचा को अनावरण गर्नुभएको छ । यो भारतीय उद्योग परिसंघ सी.आई.आई को सहयोगमा अनुसन्धान र उद्योग बीचको दूरी कम गर्न विकसित गरिएको हो।

**केंद्रीय नागरिक उड्डयन मंत्री हेलीकॉप्टर ध्रुव**

केन्द्रीय नागरिक उड्डयन मन्त्री किन्जारापु राम मोहन नायडुले आज बेंगलुरुमा नयाँ पुस्ताको अत्याधुनिक हेलिकप्टर ध्रुवको पहिलो उडानलाई हरी झण्डा देखाएर प्रस्थान गर्नुहुनेछ । यो उन्नत हल्का स्वदेशी हेलीकॉप्टर हिंदुस्तान एयरोनॉटिक्स

लिमिटेड एच.ए.एल.ले विकसित गरेको छ। ६ देखि १४ सिट भएको यो हेलिकप्टर पर्यटन, भीआईपी यातायात, आपदा, बाढ प्रबन्धन र समुद्री अभियानहरु जस्ता नागरिक कार्यहरूमा सक्षम छ। यसमा स्वदेशी शक्ति इन्जिन र नागरिक प्रमाणीकरणका लागि उन्नत सुविधाहरू समावेश छन्।

**रक्षा अधिग्रहण परिषद**

रक्षा अधिग्रहण परिषद डी.ए.सी ले सशस्त्र बलहरूको क्षमता बढाउनका लागि ७९ हजार करोड रूपियाँको प्रस्तावलाई स्वीकृति दिएको छ। हिज नयाँ दिल्लीमा रक्षा अधिग्रहण परिषदको बैठकको अध्यक्षता गर्नुहुदै रक्षा मन्त्री राजनाथ सिंहले तीनै सेनाहरूका यी प्रस्तावहरूका लागि आवश्यकताको स्वीकृति प्रदान गर्नुभएको छ।

**3-byte रक्षा**

**महिला क्रिकेट भारत -श्रीलंका**

महिला क्रिकेटमा आज भारत र श्रीलङ्काबीच पाँचौं तथा अन्तिम ट्वान्टी–२० म्याच तिरुवनन्तपुरमको ग्रिनफिल्ड अन्तर्राष्ट्रिय स्टेडियममा हुनेछ । म्याच आज साँझ ७ बजे शुरु हुनेछ। हरमनप्रित कौरको कप्तानीमा रहेको भारतीय टिमले यसअघि नै ४–० को अग्रता बनाइसकेको छ।

****** ० ******